उर्लाबारी बहुमुखी क्याम्पस
उर्लाबारी - ४, मोरङ

मीडीया ल्याब सञ्चालन निर्देशिका - २०८१

Campus Chief

# उर्लाबारी बहुमुखी क्याम्पस
## उर्लाबारी - ४, मोरङ
## मीडीया ल्याब सञ्चालन निर्देशिका - २०८१

१. अवधारणा :

विद्यार्थीमा रहेका अन्तर्निहित प्रतिभाहरूलाई प्रस्फूटन गरी उनीहरूमा आफूलाई अरुसमक्ष प्रस्तुत गर्ने तथा अरुका राम्रा पक्षहरूबाट लाभदायक सिपहरू ग्रहण गर्ने प्रयोजनार्थ क्याम्पसमा एउटा मीडीया ल्याब (सञ्चार प्रयोगशाला) रहने छ । शिक्षण सिकाइका क्षेत्रमा विश्वव्यापी नव प्रवर्तन तथा त्यसबाट शिक्षा क्षेत्रमा आएका परिवर्तनहरूबाट विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि यो मीडीया ल्याब प्रभावकारी हुने अपेक्षा राखिएको छ । विगतको श्याम श्वेत दुनियाबाट आजको डीजीटल रङ्गिन जमानामा पदार्पण गर्दैगर्दा उच्च शिक्षा हासिल गर्न क्याम्पस आउने हरेक विद्यार्थीका हातमा एन्ड्रोईड मोबाईल फोनहरू भएको यथार्थलाई नकार्न पनि सकिन्न र शिक्षालयमा मोबाईल फोन प्रयोग गर्ने विद्यार्थीको बानीमा रोक लगाउन पनि सकिन्न । बरु विद्यार्थीले सामाजिक सञ्जालमा प्रदर्शन गर्ने रचनात्मक प्रस्तुतिहरूलाई आत्मसात गरी विद्यार्थीका अन्तर्निहित सम्भावनाहरूलाई शिक्षण सिकाइ कार्यसँग जोड्न क्याम्पसको मीडीया ल्याब प्रभावकारी हुने अपेक्षा गर्न सकिन्छ ।

२. दृष्टिकोण :

गहिरो आपसी मेलमिलापपूर्ण वातावरणमा विद्यार्थीद्वारा विद्यार्थीहरूकै लागि परिस्कृत र न्यायपूर्ण भविष्य निर्माण गर्न यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूमाझ विविधतामा एकताको राष्ट्रिय मूलमन्त्र अनुरुपको भावना सुदृढ गरी उनीहरूलाई नयाँ र प्रभावकारी क्षेत्र तर्फ निरन्तर पाइला बढाइरहन अभिप्रेरित गर्दै कल्पनाशिल भएर खोजकार्यमा लाग्ने, अन्तर्क्रियात्मक ढङ्गले ज्ञानको परीक्षण गर्ने, सहजरूपमा सबैसँग सहकार्य गर्ने र समालोचनात्मक रूपमा परिस्थितिको विश्लेषण गर्न सक्ने एक सरल र कुशल व्यक्तिका रूपमा विकास गर्नु विद्यार्थी मीडीया ल्याबको दृष्टिकोण रहने छ ।

३. उद्देश्य :

- कला, साहित्य, विज्ञान र दर्शन जस्ता विषयहरूलाई विद्यार्थीका सिर्जनात्म अनुभवहरूसँग जोडी विद्यार्थीहरूमा विशिष्टताको प्रवर्धन गर्ने ।
- विद्यार्थीहरूलाई संगठित रूपमा रचनात्मक कार्य गर्न प्रेरित गर्ने ।
- व्यक्तिगत विचारहरूलाई सम्मान गर्ने र सामुहिक निर्णयलाई आत्मसात गर्ने ।
- खुला र क्रियाशिल रूपमा कार्य गर्ने ।
- आधुनिक सञ्चारका साधनको रचनात्मक प्रयोगद्वारा विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्ने ।

४. मीडीया ल्याबको रूपरेखा :

Campus Chief

क) कम्तिमा पनि १४४ वर्ग फीट क्षेत्रफल भएको कक्षमा मीडीया ल्याव स्थापना गरिने छ।

ख) मीडीया ल्यावको भित्ताको रङ्ग हरियो हुने छ।

ग) मीडीया ल्यावमा एउटा प्रोजेक्टर रहने छ।

घ) मीडीया ल्यावमा आवश्यक सङ्ख्यामा कम्प्युटरहरू रहने छन्।

ङ) विद्यार्थी तथा प्राध्यापकहरूका रचनात्मक कार्यहरू जस्तै चित्र, कलात्मक लेखन सिप आदि प्रदर्शन गर्न एउटा प्रदर्शनी पाटी रहने छ।

च) विद्यार्थीका अभिनय कला, गायन सिप आदिको अभिलेख राख्न एउटा क्यामरा रहने छ।

५. मीडीया ल्याव सञ्चालन कार्यविधि :

क) क्याम्पसको मीडीया ल्याव सञ्चालन गर्न इच्छुक विद्यार्थीहरूको एउटा समूह गठन गरिने छ।

ख) त्यसरी समूह गठन गर्दा क्याम्पसमा हाल सञ्चालनमा रहेका प्रत्येक संकायबाट प्रतिनिधित्व हुने गरी कम्तिमा १५ जनाको समूह रहने छ।

ग) समूहमा आवद्ध हुने विद्यार्थीमा वाद्यवादनका सामग्री बजाउने, गीत गाउने, अभिनय गर्ने, नृत्य, कथा कविता नाटक जस्ता साहित्य रचना गर्ने, समाचार वाचन गर्ने, समाचार तयार पार्ने, फोटोग्राफी, भीडीयोग्राफी, चित्र कोर्ने, आदि जस्ता रचनात्मक विधाप्रति विशेष अभिरुची तथा उच्च सम्मान भएको हुनुपर्ने छ।

घ) समूहलाई व्यवस्थापन, परिचालन र कियाशिल बनाइराख्न सूचना प्रविधिमा विशेष ज्ञान र दक्षता भएका एकजना प्राध्यापकलाई नेतृत्वकर्ताको रूपमा जिम्मेवारी दिइने छ।

ङ) विद्यार्थीले प्रदर्शन गरेका कलात्मक पक्षहरूको अभिलेख राख्ने, रचनात्मक प्रश्तुतिका लागि मञ्च खोजि गर्ने, उत्कृष्ठ र सम्भावना बोकेका विद्यार्थीहरूलाई पुरस्कृत गर्न क्याम्पस प्रशासन समक्ष सिफारिस गर्ने जस्ता जिम्मेवारीहरू नेतृत्वकर्ता प्राध्यापकका हुने छन्।

च) विद्यार्थीका रचनात्मक तथा कलात्मक प्रस्तुति र प्रयासको उत्पादन, प्रचार तथा प्रसार कार्यका लागि नेतृत्वकर्ता प्राध्यापक निरन्तर लाग्नु पर्ने छ।

Campus Chief